स्वीकृत मिति: २०७८/१०/२४ (मं.प.निर्णय)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावना: नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७३/०९/२६ को निर्णयानुसार प्रधानमन्त्री कृषि आधुनिककीकरण परियोजनाको परियोजना दस्तावेज स्वीकृत भई कार्यान्वयनमा रहेकोमा यस परियोजनाको रिक्त अस्थायी दरबन्दीमा खुल्ला तथा समावेशी प्रतिस्पर्धाबाट कृषि प्राविधिक कर्मचारी छनौट गर्न आवेदकको योग्यता, परीक्षा सञ्चालन तथा छनौट सम्बन्धी आधार निर्धारण गर्न वाञ्छनीय भएकोले आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐनको दफा ९ को अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम कृषि प्राविधिक कर्मचारीमा छनौट हुनका लागि आवेदन पेश गर्ने व्यक्ति सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले परियोजना व्यवस्थापन एकाइ र परियोजना कार्यान्वयन एकाइ सम्झनु पर्दछ।

(ग) "कार्यालय प्रमुख" भन्नाले परियोजना व्यवस्थापन एकाइको हकमा परियोजना निर्देशक र परियोजना कार्यान्वयन एकाइको हकमा वरिष्ठ कृषि अधिकृत सम्झनु पर्दछ।

(घ) "कृषि प्राविधिक कर्मचारी" भन्नाले यस कार्यविधि अनुरुप छनौट हुने कृषि अधिकृत, पशु विकास अधिकृत, मत्स्य विकास अधिकृत, नायब प्राविधिक सहायक (कृषि तथा मत्स्य) र नायब पशु सेवा प्राविधिक कर्मचारी सम्झनु पर्दछ।

(ङ) "जोन" भन्नाले व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ।

(च) "पदपूर्ति समिति" भन्नाले यस कार्यविधिको दफा ९ को उपदफा २ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(छ) "निर्देशन एवं समन्वय समिति" भन्नाले दफा १३ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

(ज) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(झ) "परियोजना कार्यान्वयन एकाइ" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका परियोजना कार्यान्वयन एकाइ सम्झनु पर्दछ।

(ञ) "परियोजना व्यवस्थापन एकाइ" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन एकाइ सम्झनु पर्दछ।

(ट) "परियोजना सम्भाग" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रम सम्झनु पर्दछ।

(ठ) "सम्बन्धित शाखा" भन्नाले प्रशासन हेर्ने शाखा सम्झनु पर्दछ र सो शब्दले यस कार्यविधि बमोजिमको कार्य सम्पादनको लागि कार्यालय प्रमुखले तोकेको शाखा समेतलाई सम्झनु पर्दछ।

(ड) "सुपरजोन" भन्नाले बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र सम्झनु पर्दछ।

३. <u>उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) कृषि प्राविधिक कर्मचारी सेवा करारमा लिने प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउने।

(ख) प्रतिस्पर्धाको माध्यमबाट दक्ष जनशक्ति व्यवस्थापन गर्ने ।

(ग) परियोजनाको कार्य क्षेत्रमा कृषि, पशु र मत्स्य सेवाको पहुँच बढाउने।

(घ) परियोजनाको क्रियाकलापहरुलाई सहज ढंगबाट कार्यान्वयनमा सहयोग पुऱ्याउने।

## परिच्छेद-२

## कृषि प्राविधिक कर्मचारी सेवा करार लिने सम्बन्धी व्यवस्था

४. <u>कृषि प्राविधिक कर्मचारी करार गर्ने अवस्था</u>: (१) परियोजना अन्तर्गतका परियोजना कार्यान्वयन एकाइका लागि स्वीकृत अस्थायी दरबन्दीमा आर्थिक वर्षको आषाढ मसान्त ननाघ्ने गरी कृषि प्राविधिक कर्मचारी छनौट गरी ६ महिना अवधिका लागि सेवा करार गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि परियोजनाको लागि प्रत्येक वर्ष स्वीकृत अस्थायी दरबन्दी तथा कृषि प्राविधिक कर्मचारी करारका लागि स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कृषि प्राविधिक कर्मचारी सेवा करार गर्न छनौट गरिनेछ।

(३) उपदफा (१) बमोजिम सेवा करारमा नियुक्त कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा परियोजना कार्यान्वयन एकाइको आवश्यकता बमोजिम स्वीकृत बजेट परिधिभित्र रही करार अवधि थप गर्न सकिने छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएतापनि यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारीको कार्य सम्पादन सन्तोषजनक नभएमा वा तोकिएको क्षेत्रमा उपस्थित भई सेवाग्राहीलाई सन्तोषजनक प्राविधिक सेवा दिन असमर्थ भएमा परियोजना व्यवस्थापन एकाइको सहमतिमा परियोजना कार्यान्वयन एकाइले जुनसुकै बखत सेवा करार सम्झौता रद्ध गर्न सक्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

५. <u>सकारात्मक बिभेद/आरक्षणको व्यवस्था:</u> (१) यस कार्यविधि बमोजिम छनौट हुने कृषि प्राविधिक कर्मचारीको खुला तथा समावेशी तर्फको पद संख्या छुट्याउँदा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिमको आधारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम पद संख्या निर्धारण लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ (संसोधन सहित) को आधारमा गरिनेछ।

६. <u>आवेदकको योग्यता:</u> (१) यस कार्यविधि बमोजिम कृषि प्राविधिक कर्मचारीमा छनौट हुन ईच्छुक आवेदकले देहाय बमोजिमको योग्यता पुरा गर्नुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) अधिकृतस्तरको पदको लागि २१ वर्ष र सहायकस्तरको पदको लागि १८ वर्ष उमेर पुरा भएको,

(ग) पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको,

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त हुने सजाय नपाएको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(च) लोक सेवा आयोगले नेपाल कृषि सेवाका सम्बन्धित श्रेणी र पदको लागि निर्धारण गरेको अनुसूची-१ बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको,

(छ) समावेशी तर्फ दरखास्त दिन चाहने आवेदकहरुको योग्यता अनुसूची-२ बमोजिम हुनुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भई नियुक्त हुने कृषि प्राविधिक कर्मचारीको काम, कर्तव्य र अधिकार अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

७. <u>दरखास्त आह्वान:</u> (१) यस कार्यविधि बमोजिम खुल्ला तथा समावेशी रुपमा प्रतिस्पर्धाबाट कृषि प्राविधिक कर्मचारी छनौट गर्न परियोजना व्यवस्थापन एकाइले २१ (एक्काईस) दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नेछ।

(२) दफा ६ को उपदफा (१) बमोजिमको योग्यता पुरा गरी आवेदक हुन योग्य व्यक्तिले दफा ७ को उपदफा (१) बमोजिमको म्यादभित्र तोकिएको स्थानमा अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम दरखास्त पेश गर्ने आवेदकले लोक सेवा आयोगले नेपाल कृषि सेवाका सम्बन्धित पदको लागि तोके बमोजिमको परिक्षा दस्तुर बुझाउनु पर्नेछ।

८. <u>पाठ्यक्रम, परीक्षा र प्रश्नपत्र सम्बन्धी व्यवस्था:</u> (१) कृषि प्राविधिक कर्मचारी सेवा करारको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची-५ बमोजिम हुनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यस कार्यविधि बमोजिम कृषि प्राविधिक कर्मचारी सेवा करारका लागि लिखित परीक्षा र अन्तर्वार्ता दुवै माध्यम अपनाइनेछ।

(३) यस कार्यविधि बमोजिम सञ्चालन हुने लिखित परीक्षाको लागि वस्तुगत बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) हुनेछ।

(४) यस कार्यविधि बमोजिम सञ्चालन हुने परीक्षाको कूल अङ्कभारको विभाजन देहाय बमोजिम हुनेछः-

(क) लिखित परीक्षा - १०० (एक सय) अङ्क (वस्तुगत बहुवैकल्पिक प्रश्न)

(ख) अन्तरवार्ता - २० (विस) अङ्क

(५) यस कार्यविधि बमोजिम सञ्चालन हुने लिखित परीक्षाको उत्तीर्णाङ्क ४० (चालिस) हुनेछ।

(६) परिक्षा सञ्चालनको लागि आवश्यक प्रश्नपत्र तयारीको लागि विज्ञहरुको सूची तयार गर्ने, प्रश्नपत्र तयारीको लागि विज्ञ मनोनयन गर्ने, प्रश्नपत्रको मोडेरेसन गर्ने, भण्डारण गर्ने लगायतका कार्य परियोजना व्यवस्थापन एकाइले गर्नेछ।

(७) परिक्षा सञ्चालनको लागि आवश्यक प्रश्नपत्र एवं उत्तर पुस्तिकाको व्यवस्था परियोजना व्यवस्थापन एकाइले गर्नेछ।

८क. <u>प्रश्न निर्माण:</u> (१) प्रश्न निर्माणको लागि परियोजनाले देहायका प्रारम्भिक कार्यहरू गर्नु पर्नेछः-

(क) परीक्षाका लागि आवश्यक पर्ने प्रश्न निर्माण गर्नका लागि परियोजनाले विषयगत विज्ञहरुको सूची तयार गर्नेछ,

(ख) परियोजनाद्वारा तयार भएको विज्ञको सूचीबाट प्रश्न निर्माणका लागि परियोजनाले विषयगत दक्ष मनोनयन गर्नेछ।

(ग) मनोनीत दक्षलाई सम्बन्धित विषयको पाठ्यक्रम, पुराना वा नमूना प्रश्नपत्र, प्रश्नपत्र निर्माण निर्देशन, प्रश्नपत्र खामबन्दी गर्ने "क" र "ख" अंकित खाम तथा प्रश्न निर्माणकर्ताको पत्र खामबन्दी गर्ने "ग" अंकित खामका साथै अन्य आवश्यक विवरणहरू गोप्य रुपले उपलब्ध गराउने, र

(घ) प्रश्न निर्माणकर्ताबाट तयार भएका प्रश्न बुझिलिई प्रश्नहरू रहेको गोप्य सिलबन्दी "ख" अंकित खाम सिलबन्दी अवस्थामा नै प्रश्न परिमार्जनको लागि सम्बन्धित शाखालाई बुझाउने र "ग" अंकित खाम गोप्य रुपमा शाखामा सुरक्षित राख्ने।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका "क", "ख" र "ग" अंकित खामको नमूना अनुसूची- ६ बमोजिम हुनेछ।

(३) प्रश्नपत्र तयार गर्ने दक्षलाई अनुरोध गर्ने पत्र र सो सम्बन्धी निर्देशन तथा प्रश्नहरु तयार गरी पठाउँदा याद गर्नुपर्ने कुराहरु अनुसूची- ७ मा उल्लेख भएबमोजिम हुनेछ।

(४) प्रश्नहरु तयार गरी परियोजनामा पठाउने पत्रको ढाँचा अनुसूची- ८ बमोजिम हुनेछ।

(५) एउटा विषयमा सामान्यतया कम्तीमा पाँच जना दक्षहरूबाट प्रश्न निर्माण गराउनु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

९. <u>परीक्षा सञ्चालन</u>: (१) यस कार्यविधि बमोजिम कृषि प्राविधिक कर्मचारी छनौटका लागि परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने सम्बन्धमा अधिकृतस्तरको पदको लागि परियोजना व्यवस्थापन एकाइ र सहायकस्तरको पदको हकमा सम्बन्धित परियोजना कार्यान्वयन एकाइ जिम्मेवार हुनेछन्।

(२) उपदफा (१) बमोजिम परिक्षा सञ्चालन तथा नतिजा प्रकाशनको लागि देहाय बमोजिमको पदपूर्ति समितिहरु रहनेछन्:-

(क) परियोजना व्यवस्थापन एकाइको हकमा

| | |
|---|---|
| परियोजना निर्देशक वा निजले तोकेको रा.प.द्वि.श्रेणीको अधिकृत | -संयोजक |
| वरिष्ठ अधिकृत, परियोजना व्यवस्थापन एकाइ | -सदस्य |
| उपसचिव (प्रशासन), कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| उपसचिव (कानुन), कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| प्रशासन शाखा प्रमुख, परियोजना व्यवस्थापन एकाइ | -सदस्य सचिव |

(ख) परियोजना कार्यान्वयन एकाइको हकमा

| | |
|---|---|
| प्रमुख, परियोजना कार्यान्वयन एकाइ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | -संयोजक |
| अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| प्रमुखले तोकेको सम्बन्धित परियोजना एकाइको अधिकृत वा कर्मचारी | -सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको छनौट समितिमा आवश्यता अनुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परियोजना व्यवस्थापन एकाइको हकमा

(अ) आफ्नो र मातहतका एकाइहरुको रिक्त कृषि प्राविधिक कर्मचारी पदपूर्तिका लागि विज्ञापन गर्ने,

(आ) प्रश्नपत्र तयार गर्ने र समयमै प्रश्नपत्र तथा उत्तरपुस्तिका पुऱ्याउने,

(इ) अधिकृतस्तरको लिखित परीक्षा सञ्चालन गर्ने,

(ई) अधिकृतस्तर लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने,

(उ) अधिकृतस्तर लिखित परीक्षामा सफल उम्मेदवारहरुको अन्तर्वार्ता कार्यक्रम सञ्चालन गर्ने,

(ऊ) अधिकृतस्तर लिखित र अन्तर्वार्ताको प्राप्ताङ्को योगफल तयार गरी अन्तिम नतिजा प्रकाशन गर्ने,

(ए) अन्तिम नतिजा बमोजिम सिफारिस भएका उम्मेदवारहरुलाई नियुक्तिका लागि परियोजना कार्यान्वयन एकाइमा सिफारिस गर्ने।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(ख) परियोजना कार्यान्वयन एकाइको हकमा

(अ) सहायकस्तरका प्राविधिकको लिखित परिक्षा सञ्चालन गर्ने।

(आ) सहायकस्तर लिखित परिक्षाको नतिजा प्रकाशन गर्ने।

(इ) सहायकस्तर लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तर्वार्ता कार्यक्रम सञ्चालन गर्ने।

(ई) सहायकस्तर लिखित र अन्तर्वार्ताको प्राप्ताङ्कको योगफल तयार गरी अन्तिम नतिजा प्रकाशन गर्ने।

(उ) सहायकस्तर अन्तिम नतिजा बमोजिम सिफारिस भएका उम्मेदवारलाई नियुक्तिका लागि परियोजना कार्यान्वयन एकाइमा लागि सिफारिस गर्ने।

९क. <u>उत्तरपुस्तिकामा संकेत (Code) नम्बर राख्ने:</u> (१) सबै किसिमका लिखित परीक्षाका उत्तरपुस्तिकाहरूमा अनिवार्य रुपमा पहिलो तथा दोस्रो संकेत नम्बर राख्नु पर्नेछ।

(२) उत्तरपुस्तिकाहरूमा पहिलो संकेत नम्बर राख्ने जिम्मेवारी र तरिका देहाय बमोजिम हुनेछः-

(क) उत्तरपुस्तिका प्राप्त भएको तीन दिन भित्र कार्यालय प्रमुखले पहिलो संकेत नम्बर राख्नको लागि कर्मचारी तोक्नेछ।

(ख) पहिलो संकेत नम्बर राख्न तोकिएको कर्मचारीले उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाम बुझ्नु भन्दा पहिले उत्तरपुस्तिका सिलबन्दी गर्दाको सिलछाप ठीक छ, छैन राम्ररी हेरी त्यस्तो पोका/खाम खोल्नु अगाडि मुचुल्का गर्नु पर्नेछ।

(ग) एउटै विज्ञापनका सबै परीक्षाकेन्द्रहरुको उत्तरपुस्तिकाहरू तलमाथि पारी छ्यासमिस गरी पहिलो संकेत नम्बर राख्नु पर्नेछ।

(घ) पहिलो संकेत नम्बर राखेपछि उम्मेदवारको नाम, थर, रोल नम्बर, विषय, मिति आदि उल्लेख भएको अर्धकट्टी च्यातेर सिलबन्दी गरी राख्नु पर्नेछ।

(ङ) पहिलो संकेत नम्बर राखिसकेपछि सो संकेत नम्बर रहेको अर्धकट्टी च्याती छुट्टै पोका/खाममा सिलबन्दी गरी त्यस्तो सिलबन्दी पोका/खामको बाहिर सो कार्यमा संलग्न सबै कर्मचारीहरूले दस्तखत समेत गर्नु पर्नेछ।

(च) पहिलो संकेत नम्बरको अर्धकट्टी सिलबन्दी पोका/लवद ज नजदख पऽउङ्ख्ञआ खाम लिखित परीक्षाको नतिजा प्रकाशन गर्न माग भई आएपछि मात्र बुझाउनु पर्नेछ।

(छ) अर्धकट्टी भएको सिलबन्दी पोकामा संकेत नम्बर राख्न खटिने मुख्य व्यक्तिको नामको सिलछाप लगाउनु पर्नेछ।

(ज) पहिलो संकेत नम्बर राख्दा कालो मसीको प्रयोग गर्नु पर्नेछ।

(३) पहिलो संकेत नम्बर राखिएका उत्तरपुस्तिकाहरूमा दोस्रो संकेत नम्बर राख्ने जिम्मेवारी र तरिका देहाय बमोजिम हुनेछः-



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(क) दोस्रो संकेत नम्बर राख्ने कार्य कार्यालय प्रमुखले तोकेको कर्मचारीले गर्नेछ।

(ख) पहिलो संकेत नम्बर राख्ने कार्यमा संलग्न रहेका कर्मचारीहरूलाई दोस्रो संकेत नम्बर राख्ने काममा लगाउनु हुँदैन।

(ग) दोस्रो संकेत नम्बर राख्न तोकिएको कर्मचारीले पहिलो संकेत नम्बर राखिएका उत्तरपुस्तिको सिलबन्दी पोका/खाम बुझ्नु भन्दा पहिले सिलछाप ठीक छ, छैन हेरी त्यस्तो पोका/खाम खोल्नु अगाडि मुचुल्का गर्नु पर्नेछ।

(घ) उत्तरपुस्तिकाहरूको संख्या ठीक छ, छैन, हेरी उत्तरपुस्तिकाहरू तलमाथि पारी छ्यासमिस गरी दोस्रो संकेत नम्बर राख्नु पर्नेछ।

(ङ) दोस्रो संकेत नम्बर राखी सकेपछि प्रथम र दोस्रो संकेत नम्बर भएको अर्धकट्टी च्याती छुट्टाछुट्टै सिलबन्दी गर्ने र सिलबन्दी पोका/खामको बाहिर सो कार्यमा संलग्न सबै कर्मचारीहरूले दस्तखत गर्नु पर्नेछ।

(च) दोस्रो संकेत नम्बर रहेको अर्धकट्टीको सिलबन्दी पोका/खाम कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ।

(छ) दोस्रो संकेत नम्बरको अर्धकट्टी सिलबन्दी पोका/खाम लिखित परीक्षाको नतीजा प्रकाशनका लागि माग भएपछि मात्र बुझाउनु पर्नेछ।

(ज) अर्धकट्टी भएको सिलबन्दी पोकामा संकेत नम्बर राख्न खटिने मुख्य व्यक्तिको नामको सिलछाप लगाउनु पर्नेछ।

(झ) दोस्रो संकेत नम्बर राखिसकेपछि परीक्षणको लागि पठाउन निर्धारण गरिएको संख्यामा उत्तरपुस्तिकाहरूलाई पोका/खाममा सिलबन्दी गरी सम्बन्धित शाखामा पठाउनु पर्नेछ।

(ञ) दोस्रो संकेत नम्बर राख्दा रातो मसीको प्रयोग गर्नु पर्दछ।

(४) उपदफा (२) र (३) बमोजिम उत्तरपुस्तिकामा संकेत नम्बर राख्ने कार्य कार्यालय प्रमुखको सुपरिवेक्षणमा गर्नु पर्नेछ। एक भन्दा बढी कर्मचारीबाट संकेत नम्बर राख्न लगाउँदा संकेत नम्बर नदोहरिने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम संकेत नम्बर राखी बुझाउन ल्याएका उत्तरपुस्तिकाका सिलबन्दी पोका/खाम बुझ्नु भन्दा पहिले सिलछाप ठीक छ, छैन हेरी सम्बन्धित शाखाले बुझ्नु पर्नेछ।

(६) यस दफा बमोजिम संकेत नम्बर राख्दा उत्तरपुस्तिकामा कुनै कैफियत देखिएमा सोको जानकारी परियोजना निर्देशक वा निजले तोकेको कर्मचारीलाई दिनु पर्नेछ र प्राप्त निर्देशन बमोजिम त्यस्ता उत्तरपुस्तिका सम्बन्धमा कारवाही गर्नु पर्नेछ।

९ख. <u>उत्तरपुस्तिका परीक्षण</u>: (१) लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(क) उत्तरपुस्तिका परीक्षणका लागि दक्षको नाम मनोनयन भएपछि उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाममा संकेत चिन्ह राखी रजिष्टरमा उल्लेख गर्नु पर्नेछ।

(ख) दोस्रो संकेत नम्बर राखी प्राप्त भएका सिलबन्दी उत्तरपुस्तिकाका पोका/खाम नखोलिकन परीक्षणका लागि सम्बन्धित दक्ष समक्ष पठाउनु पर्नेछ।

(ग) उत्तरपुस्तिका परीक्षण गर्न पठाउँदा सम्बन्धित विषयको प्रश्नपत्र तथा उत्तर तालिका फारम गोप्य रुपबाट बुझाउने व्यवस्था गर्नु पर्नेछ।

(घ) उत्तरपुस्तिका परीक्षण गर्न पठाउँदा रितपूर्वकको पत्रका साथै दक्षले पालना गर्नु पर्ने शर्तहरू समेत उल्लेख गर्नु पर्नेछ।

(ङ) परियोजना निर्देशकले परियोजना कार्यान्वयन एकाइबाट सञ्चालन हुने सहायकस्तर र परियोजना व्यवस्थापन एकाइबाट सञ्चालन हुने अधिकृतस्तरको उत्तरपुस्तिका परीक्षण गर्ने, गराउने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(च) उत्तरपुस्तिका परीक्षण गर्ने जिम्मेवारी पाएको दक्षले परीक्षण कार्य सम्पन्न भएपछि अनुसूची– ९ बमोजिमको उत्तरतालिका फारममा प्राप्ताङ्कलाई अङ्क र अक्षरमा उल्लेख गरी अन्य विवरण समेत चढाई सम्बन्धित शाखामा बुझाउनु पर्नेछ।

(२) वस्तुगत परीक्षाका उत्तरपुस्तिकाहरू चेक, रिचेक गर्न/गराउन तोकिएको कर्मचारीलाई बुझाउनु पर्नेछ।

(३) वस्तुगत परीक्षाका उत्तरपुस्तिकाहरू चेक, रिचेक गर्न/गराउन तोकिएको कर्मचारीले चेक, रिचेक गर्दा देहाय अनुसार गर्नु पर्नेछः–

(क) चेक, रिचेक गर्न बुझिलिएको सिलबन्दी पोका/खाममा लगाएको सिलछाप ठीक दुरुस्त छ, छैन जाँच गरी चेक, रिचेक गर्न/गराउन तोकिएको कर्मचारीहरूले मुचुल्का गरेर मात्र सिलबन्दी पोका/खाम खोल्नु पर्नेछ।

(ख) चेक गर्न तोकेको कर्मचारीले दिएको निर्देशन अनुसार 'कि' नलेखेको उत्तरपुस्तिका रद्द गरी 'कि' लेखेको हकमा 'कि' संग भिडाई ठीक, बेठीक चिन्ह लगाई चेक गर्ने।

(ग) ठीक उत्तरको संख्या, बेठीक उत्तरको संख्या र उत्तर लेख्न छोडेको संख्या उल्लेख गरी बेठीक उत्तरको प्राप्ताङ्कको बीस प्रतिशत कट्टा गरी कुल प्राप्ताङ्क उल्लेख गर्ने।

(घ) खण्ड (ग) बमोजिम चेक गरेको विवरण अनुसार ठीक छ, छैन उत्तरपुस्तिकाको 'कि' सँग भिडाई रिचेक गर्ने/गराउने।

(ङ) उल्लेखित चेक, रिचेक कार्यको सुपरिवेक्षण चेक, रिचेक गर्न तोकिएको कर्मचारीले गर्ने।

(च) चेक, रिचेक गर्ने कार्य सम्पन्न भएपछि अनुसूची– ९ बमोजिमको उत्तरतालिका फारममा अङ्क र अक्षरमा प्राप्ताङ्क भरी चेक रिचेक गर्न तोकिएको कर्मचारीले रितपूर्वक सिलबन्दी गर्ने।

(४) उपदफा (३) बमोजिम चेक रिचेक गरी सिलबन्दी गरिएको उत्तरपुस्तिकाको पोका/खाम सम्बन्धित शाखामा बुझाउनु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

९ग. परीक्षकले ध्यान दिनुपर्ने कुराहरू: (१) उत्तरपुस्तिका परीक्षणका लागि प्राप्त भएपछि परीक्षकले देहायको कुरामा ध्यान दिनु पर्नेछ:-

(क) उत्तरपुस्तिकाको संख्या, विषय आदि उल्लेख भए अनुसार भए नभएको एकीन गर्ने र उल्लेख भए अनुसार नभएको पाइएमा चौबीस घण्टा भित्र सम्बन्धित शाखामा जानकारी गराउने।

(ख) परीक्षकले उत्तरपुस्तिका मूल्याङ्कन गर्दा उच्च अङ्क प्राप्त गर्ने दश प्रतिशत उत्तरपुस्तिकाहरूको पुन: मूल्याङ्कन गर्नु पर्नेछ।

(ग) एक सिटिङ्गमा कति उत्तर पुस्तिका परीक्षण गर्ने सोको पहिल्यै एकिन गर्ने र उत्तरपुस्तिका परीक्षण गर्दा रातो मसी प्रयोग गरी सकभर उत्तरपुस्तिकाको देब्रेपट्टि किनारामा अङ्क प्रदान गर्ने गर्नु पर्नेछ।

(घ) उत्तरपुस्तिकामा प्रदान गरेको अंकमा केरमेट भएमा परीक्षकले अक्षरमा लेखी दस्तखत समेत गर्नु पर्नेछ।

(२) वस्तुगत प्रश्नका उत्तरपुस्तिकामा "की" नलेखेकोमा त्यस्तो उत्तरपुस्तिका रद्द हुनेछ।

(३) वस्तुगत प्रश्नको उत्तर लेख्दा केरमेट गरेको, दोहोरो लेखेको, सच्याएको, सिसाकलमले लेखेको, निर्दिष्ट स्थानभन्दा अन्यत्र लेखेको वा उत्तर नै सारेको (क, ख, ग, घ नलेखेको) उत्तरलाई गल्ती मानिनेछ।

९घ. उत्तरपुस्तिका रुजु गर्ने: (१) दक्षबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिकाहरू रुजु गरी अनुसूची– १० बमोजिमको ढाँचामा कैफियत भए खुलाउनु पर्नेछ।

(२) प्राप्त भएको वस्तुगत उत्तरपुस्तिकाको पोका/खाम मुचुल्का गरी खोली लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने कार्यालयले अन्तिम चेक गर्नु पर्नेछ।

(३) उत्तरपुस्तिका रुजु गर्दा कैफियत देखिएमा कैफियतको व्यहोरा खुलाई पेश गर्नु पर्नेछ र सो विषयमा परियोजनामा पेश गरी परियोजनाको निर्णय बमोजिम हुनेछ।

९ङ. प्राप्ताङ्क टेबुलेशन गर्ने: दफा ९घ बमोजिम रुजु भएका उत्तरपुस्तिकाहरूमा उम्मेदवारले प्राप्त गरेको अङ्क नतिजा प्रकाशनको लागि देहाय बमोजिम टेबुलेशन गर्नु पर्नेछ:-

(क) उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क देखिने गरी आवश्यक फारम तयार गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क टेबुलेशन गर्ने।

(ख) खण्ड (क) बमोजिम टेबुलेशन गर्दा उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अङ्क दोस्रो संकेत नम्बर अनुसार अभिलेख राख्नु पर्नेछ। यसरी चढाईएको अङ्क न्यूनतम दुई पटक रुजु गरी उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारको दोस्रो संकेत नम्बरमा योग्यताक्रम तयार गर्ने।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

(ग) खण्ड (ख) बमोजिम तयार भएको योग्यताक्रमको सूची मध्ये माथिल्लो उत्तिर्णाङ्क प्राप्त गरेका उम्मेदवारको संकेत नम्बरमा अनुसूची-११ मा उल्लेख भए अनुसारको संख्यामा तयार गरी नतिजा प्रकाशनको लागि पेश गर्ने।

(घ) परियोजनाले छुट्टै डिकोडिङ शाखा वा एकाइबाट नतिजा प्रकाशन गर्ने गरी तोकेको पदको हकमा खण्ड (ख) बमोजिम दोस्रो संकेत नम्बरका आधारमा तयार भएको प्राप्ताङ्क सहितको योग्यताक्रम सूची सिलवन्दी गरी अन्तिम नतिजा प्रकाशन गर्ने समयमा सम्बन्धित शाखामा पठाउने र लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने प्रयोजनको लागि अनुसूची- १२ बमोजिमको फारम भरी सिलवन्दी गरी डिकोडिङको लागि पठाउने।

(ङ) खण्ड (घ) बमोजिम प्राप्ताङ्क रहितको दोस्रो संकेत नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूचीमा समान अङ्क ल्याउने उम्मेदवारको हकमा सो व्यहोरा खुल्ने गरी संकेत चिन्ह दिने वा योग्यताक्रम समान राख्ने।

१०. <u>नतिजा प्रकाशन</u>: (१) दफा ९ङ बमोजिम टेबुलेशन गरिसकेपछि विज्ञापनको क्रमानुसार खुलाको पहिले र त्यसपछि समावेशी समूहको क्रमानुसार नतिजा प्रकाशन गरी उम्मेदवारहरु अन्तर्वार्ताको लागि छनौट गरिनेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा समावेशी तर्फ तोकिएका संख्यामा उम्मेद्वार उतीर्ण नभएमा समावेशी तर्फका बाँकी पदलाई खुला पदतर्फ गणना गरी अन्तिम नतिजा प्रकाशन गरिनेछ।

(३) उपदफा (१) बमोजिम छनौट भएका अधिकृतस्तरको उम्मेदवारहरुको नामावली सात दिनको समयावधि दिइ राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। सहायकस्तरको उम्मेदवारको हकमा परियोजना कार्यान्वयन एकाइको छनौट समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

(४) उपदफा (१) बमोजिम छनौट भएका उम्मेद्वारहरुलाई अन्तर्वार्तामा सामेल गराइने छ।

(५) अन्तर्वार्तामा मूल्याङ्कनको लागि छनौट समितिले निर्धारण गरेको ढाँचा बमोजिमको फारम प्रयोग गरिनेछ।

(६) अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले अन्तर्वार्ताका दिन आफूले दरखास्त साथ पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु लगायत अन्य कागजातहरुको सक्कल प्रतिहरु लिई आउनु पर्नेछ।

(७) अन्तर्वार्तामा संलग्न कुनै मुल्याङ्कनकर्ताले अन्तर्वार्ताको कूल पूर्णाङ्कको ७० प्रतिशतभन्दा बढी र ४० प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ।

(८) छनौट समितिले लिखित र अन्तर्वार्ताको प्राप्ताङ्कको आधारमा योग्यताक्रम अनुसारको सूची तयार गरी मुख्य र वैकल्पिक उम्मेदवार सिफारिस गर्नेछ।

(९) उपदफा (७) बमोजिम सिफारिस भएका अधिकृतस्तरका सफल उम्मेदवारलाई परियोजना व्यवस्थापन एकाइले सम्बन्धित परियोजना कार्यान्वयन एकाइमा करार सम्झौताको लागि सिफारिस गरी पठाउनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

(१०) उपदफा (७) बमोजिम सिफारिस भएका सहायक स्तर र उपदफा (८) बमोजिम सिफारिस भएका मूख्य उम्मेदवारसँग सम्बन्धित परियोजना कार्यान्वयन एकाइले करार सम्झौता गरी कामकाजमा लगाउनेछ।

(११) उपदफा (९) बमोजिमका मूख्य उम्मेदवार बाटो म्याद बाहेक ७ (सात) दिनभित्र सम्बन्धित परियोजना कार्यान्वयन एकाइमा करार सम्झौताका लागि उपस्थित हुनुपर्नेछ।

(१२) उपदफा (१०) बमोजिमको म्यादभित्र मूख्य उम्मेदवार उपस्थित नभएमा वैकल्पिक उम्मेदवारलाई करार समझौताका लागि सिफारिस गरिनेछ।

(१३) यस दफा बमोजिम सिफारिस भएको मुख्य उम्मेदवारले एक वर्षको अवधि भित्र कारणवस सेवा दिन नसकेको वा कुनै कारणबाट पदरिक्त हुन गएको खण्डमा योग्यताक्रमको आधारमा वैकल्पिक उम्मेदवारसँग सेवा करारका लागि सम्झौता गर्न सकिनेछ।

## परिच्छेद-३
## कृषि प्राविधिक कर्मचारीको पारिश्रमिक र दैनिक कार्य सञ्चालन व्यवस्था

११. <u>पारिश्रमिक सम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारीलाई नेपाल कृषि सेवाको सम्बन्धित श्रेणी/ पदको शुरु तलब स्केल बराबरको पारिश्रमिक रकम मासिक रुपमा भुक्तानी गरिनेछ।

(२) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारीको बिदा, पोशाक खर्च, चाडबाड खर्च लगायत अन्य सेवा सुविधा स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१२. <u>दैनिक कार्य सञ्चालन र जवाफदेहीता सम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारीलाई अनुसूची-३ बमोजिमको काम, कर्तव्य र अधिकारको सूचीको आधारमा सम्झौताका सेवा शर्त तोकी परियोजना कार्यान्वयन एकाइले कामकाजका लागि खटाउनेछ।

(२) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रति जवाफदेही हुनु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारीको कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित परियोजना कार्यान्वयन एकाइले गर्नेछ।

## परिच्छेद-४
## विविध

१३. <u>निर्देशन एवं समन्वय सम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम पदपूर्तिको प्रकृयामा उम्मेदवारको शैक्षिक योग्यता, दरखास्त स्विकृति, परिक्षा सञ्चालन, नतिजा प्रकाशन लगायतका विषयमा आवश्यक समन्वय एवं निर्देशन गर्न देहाय बमोजिम निर्देशन एवं समन्वय समिति रहने छः-



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(क) परियोजना निर्देशक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना - संयोजक

(ख) प्रतिनिधि (उपसचिवस्तर), कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (उपसचिवस्तर), कृषि विभाग - सदस्य

(घ) प्रतिनिधि (उपसचिवस्तर), पशुसेवा विभाग - सदस्य

(ङ) परियोजना निर्देशकले तोकेको वरिष्ठ अधिकृत दुई जना,
(प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.व्य.ए.) - सदस्य

(च) प्रशासन शाखा प्रमुख, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै तयार गर्न सक्नेछ।

१४. <u>सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन</u>: यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कृषि प्राविधिक कर्मचारीको कार्य सम्पादनको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धित परियोजना कार्यान्वयन एकाइले गर्नेछ।

१५. <u>गोपनियता एवं आचार संहिता</u>: यस कार्यविधि बमोजिम पदपूर्ति सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरुले प्रचलित कानुन एवं लोकसेवा आयोगको स्वीकृत कार्यविधि बमोजिम गोपनियता कायम राख्ने र आचार संहिता पालना गर्नुपर्नेछ। यसरी गोपनियता कायम राख्ने र आचार संहिता पालना नगर्ने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरिनेछ।

१६. <u>प्रचलित कानुन लागू हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषयका सम्बन्धमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यसै बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. <u>अन्तिम व्याख्या</u>: यस कार्यविधिको बुझाईमा द्विविधा भएमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

१८. परियोजना व्यवस्थापन एकाइ र सम्बन्धित परियोजना कार्यान्वयन एकाइले परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन कार्यमा लाग्ने प्रशासनिक खर्च स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही गर्न सक्नेछन्।

१९. <u>संशोधन तथा हेरफेर गर्न सक्ने</u>: यस कार्यविधिमा उल्लेखित प्रावधान एवं संलग्न अनुसूचीहरुमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संशोधन तथा हेरफेर गर्न सक्नेछ।

२०. <u>खारेजी र बचाउ</u>: प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि/पशुसेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि,२०७६ खारेज गरिएको छ। सो कार्यविधि बमोजिम हालसम्म भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

## अनुसूची-१

(दफा ६ को उपदफा १ (च) सँग सम्बन्धित)

### आवेदकको शैक्षिक योग्यता

१. **कृषि सेवा, कृषि अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एग्.) वा सो सरह उत्तीर्ण।

२. **कृषि सेवा, पशु विकास अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान मुख्य विषयलाई बी.एस्सी.एजी उत्तीर्ण वा बि.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सी./डि.भि.एम. वा बि.टेक.एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण।

३. **कृषि सेवा, मत्स्य विकास अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. फिसरिज वा मत्स्य पालन विषय लिई स्नातक तह बी.एस्सी.एग्/बी.भी.एस्सी./बी.एस्सी. (पशुविज्ञान)/बी.भी.एस्सी. एण्ड ए.एच. उत्तीर्ण।

४. **कृषि सेवा, नायब प्राविधिक सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण।

५. **कृषि सेवा, नायब पशु सेवा प्राविधिक तथा नायब प्राविधिक सहायक (मत्स्य) पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

अनुसूची-२

(दफा ६ को उपदफा १ (छ) सँग सम्बन्धित)

## समावेशी तर्फ दरखास्त दिन चाहने आवेदकको लागि आवश्यक कागजात

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु आफैंले प्रमाणित गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा: नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर हो भनि प्रमाणित गरिएको कागजात।

(ख) मधेसीको हकमा: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम संस्थाबाट मधेसी भनि प्रमाणित गरिएको कागजात,

तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर हो भनि प्रमाणित गरिएको कागजात।

(ग) दलितका हकमा: राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर हो भनि प्रमाणित गरिएको कागजात।

(घ) अपाङ्गका हकमा: स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,

(ङ) पिछडिएको क्षेत्रको: निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा व्यवस्थापिका-संसद सचिवालय सम्बन्धि ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिश आधारमा।

स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा व्यवस्थापिका-संसद सचिवालय सम्बन्धि ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईसराइको हकमा छोडिएको र गएको स्थानीय तह/निकायको बसाईसराइ गरेको खुल्ने कागजात।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## कृषि प्राविधिक कर्मचारीको काम, कर्तव्य तथा अधिकार

(क) कृषि अधिकृत, पशु विकास अधिकृत तथा मत्स्य विकास अधिकृतको काम, कर्तव्य अधिकार निम्न बमोजिम हुनेछः-

(१) परियोजना कार्यान्वयन एकाइ अन्तर्गत जोन/सुपरजोनको कार्यक्षेत्रमा रही कार्य गर्ने।
(२) स्थानीय तह लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने।
(३) सञ्चालन समन्वय समितिसँगको समन्वयमा परियोजनाको वार्षिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।
(४) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि, पशुपन्छी तथा मत्स्य प्रसार सेवा प्रवाह गर्ने।
(५) जोन/सुपरजोन क्षेत्रका आधारभुत तथ्याङ्क संकलन गर्ने एवं सो को प्रोफाइल तयारीमा सहयोग गर्ने।
(६) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।
(७) विपद, प्राकृतिक प्रकोप, कृषि, पशुपन्छी तथा मत्स्य रोग एवं महामारी व्यवस्थापन र सहजीकरण गर्ने।
(८) कृषि बीमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने।
(९) स्थलगत कृषक तालिमका लागि सहजीकरण गर्ने।
(१०) मासिक, त्रैमासिक र वार्षिक क्यालेण्डर तयार गरी कृषि सेवा उपलब्ध गराउने र प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन एकाइमा पठाउने।
(१०) कार्यरत रहेको जोन/सुपरजोन अन्तर्गत रहेका कृषि/पशु सेवा प्राविधिकको कार्य सम्पादनको सुपरिवेक्षण र अनुगमन गर्ने।
(११) अनुसन्धान पछि आएका नवीनतम प्रविधिको जोन/सुपरजोन, प्रदेश र स्थानीय तहसँगको समन्वयमा अनुशरण र प्रचार प्रसार गर्ने।
(१२) परियोजना कार्यान्वयन एकाइ प्रमुखले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

## (ख) नायब प्राविधिक सहायक (कृषि तथा मत्स्य) र नायब पशु सेवा प्राविधिकको काम, कर्तव्य तथा अधिकार

नायब प्राविधिक सहायक (कृषि तथा मत्स्य) र नायब पशु सेवा प्राविधिकको काम, कर्तव्य तथा अधिकार निम्न बमोजिम हुनेछः-

(१) परियोजना कार्यान्वयन एकाइ अन्तर्गत जोन/सुपरजोनको कार्यक्षेत्रमा रही कार्य गर्ने।
(२) स्थानीय तह लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने।
(३) सञ्चालन समन्वय समितिसँगको समन्वयमा परियोजनाको वार्षिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।
(४) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि, पशुपन्छी तथा मत्स्य प्रसार सेवा प्रवाह गर्ने।
(५) जोन/सुपरजोन क्षेत्रका आधारभुत तथ्याङ्क संकलन गर्ने एवं सो को प्रोफाइल तयारीमा सहयोग गर्ने।
(६) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।
(७) विपद, प्राकृतिक प्रकोप, कृषि, पशुपन्छी तथा मत्स्य रोग एवं महामारी व्यवस्थापन र सहजीकरण।
(८) कृषि बीमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने।
(९) स्थलगत कृषक तालिमका लागि सहजीकरण गर्ने।
(१०) मासिक, त्रैमासिक र वार्षिक क्यालेण्डर तयार गरी कृषि सेवा उपलब्ध गराउने र प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन एकाइमा पठाउने।
(१०) अनुसन्धान पछि आएका नवीनतम प्रविधिको जोन/सुपरजोन, प्रदेश र स्थानीय तहसँगको समन्वयमा अनुशरण र प्रचार प्रसार गर्ने।
(११) परियोजना कार्यान्वयन एकाइ प्रमुखले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| |
|---|
| कार्यालय प्रयोजनका लागि |
| परिक्षाको संकेत नं. |
| रोल नं./विज्ञापन नं./सूचना नं. |
| ......./................./......... |

# अनुसूची-४

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ.....................

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टाँस्ने र फोटो र फारम पर्नेगरी उम्मेदवारको दस्तखत गर्ने |

## दरखास्त फारम

(खुल्ला प्रतियोगितात्मक परीक्षाका लागि)

(क) उमेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| १.विज्ञापन नं. | २. खुल्ला | ३.पद | ४.श्रेणी/तह: |
| ५.परीक्षा केन्द्र: | | | |

(ख) उमेदवारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवार | नाम,थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं. | जारी गर्ने जिल्ला: | मिति: | |
| स्थायी ठेगाना | (क) जिल्ला: | (ख) न.पा./गा.पा. | (ग) वडा नं. | |
| | (घ) टोल: | (ङ) मार्ग/घर नं. | (च) फोन नं | |
| पत्राचार गर्ने ठेगाना | | | ई-मेल: | |

| | |
|---|---|
| बाबुको नाम,थर:- | आमाको नाम,थर:- |
| बाजेको नाम,थर:- | पती/पत्नीको नाम,थर:- |
| जन्म मिति (वि.स.मा) | (ईस्वी सन् मा) हालको उमेर वर्ष महिना |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| तालिम | | | | |

(घ) अनुभव सम्बन्धी विवरण (दरखास्त फारम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने।

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानुन तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मन्जुर गर्दछु।

| उम्मेदवारको ल्याप्चे | | | उम्मेदवारको दस्तखत: |
|---|---|---|---|
| दायाँ | बायाँ | | उम्मेदवारको दस्तखत:<br>मिति |

| | | | |
|---|---|---|---|
| कार्यालयको कर्मचारीले भर्ने: | | | |
| रसिद/भौचर नं. | | | रोल नं. |
| दरखास्त अस्वीकृत भए सोको कारण: | | | |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>मिति: | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत:<br>मिति: | | |

द्रष्टव्य: दरखास्त साथ विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (२) समकक्षता तथा सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपि

(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रवेशपत्र

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरुः-

(१) परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र बिना परीक्षामा बस्न पाइने छैन।
(२) परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
(३) लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।
(४) परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षामा हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन।
(५) परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि बुँदा नं ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ।
(६) परीक्षा हल प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदि आफु साथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।
(७) परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारवाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतःरद्द भएको मानिनेछ।
(८) बिरामी भएका उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा परियोजना जवाफदेही हुने छैन।
(९) उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ।
(१०) परियोजनाले सूचनाद्वारा निर्धारित गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
(११) उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतःरद्द हुनेछ।
(१२) स्याकन (आई.क्यु) परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
(१३) कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ।

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टाँस्ने र फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| | |
|---|---|
| विज्ञापन नं.: | |
| पद : | |
| श्रेणी/तह : | |
| परीक्षाको किसिम : | |
| परिक्षा केन्द्र : | |
| उम्मेदवारको | नाम,थर:- |
| | दस्तखत:- |

कार्यालयको कर्मचारीले भर्ने

छनौट समितिबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमती दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

परीक्षा केन्द्र:-

रोल नं.-

........................
अधिकृतको दस्तखत:-

द्रष्टव्य:-
१. कृपया उम्मेदवारले पालना गर्नु पर्ने नियमहरु हेर्नु होला।


## प्रवेशपत्र

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरुः-

(१) परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र बिना परीक्षामा बस्न पाइने छैन।
(२) परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
(३) लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।
(४) परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षामा हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन।
(५) परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि बुँदा नं ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ।
(६) परीक्षा हल प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदि आफु साथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।
(७) परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारवाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतःरद्द भएको मानिनेछ।
(८) बिरामी भएका उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा परियोजना जवाफदेही हुने छैन।
(९) उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ।
(१०) परियोजनाले सूचनाद्वारा निर्धारित गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
(११) उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतःरद्द हुनेछ।
(१२) स्याकन (आई.क्यु) परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
(१३) कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ।

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टाँस्ने र फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| | |
|---|---|
| विज्ञापन नं.: | |
| पद : | |
| श्रेणी/तह : | |
| परीक्षाको किसिम : | |
| परिक्षा केन्द्र : | |
| उम्मेदवारको | नाम,थर:- |
| | दस्तखत:- |

कार्यालयको कर्मचारीले भर्ने

छनौट समितिबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमती दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

परीक्षा केन्द्र:-

रोल नं.-

........................
अधिकृतको दस्तखत:-

द्रष्टव्य:-
१. कृपया उम्मेदवारले पालना गर्नु पर्ने नियमहरु हेर्नु होला।




डा. गोविन्द प्रसाद शर्मा
सचिव

अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

# कृषि प्राविधिक कर्मचारी छनौट परिक्षाको पाठ्यक्रम

## (क) कृषि अधिकृत पदको लागि पाठ्यक्रम

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छः-

प्रथम चरणः- लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः-१००

द्वितीय चरणः- अन्तर्वार्ता (Interview) पूर्णाङ्कः-२०

### परिक्षा योजना (Examination Scheme)

प्रथम चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः-१००

| विषय | पूर्णाङ्क | उर्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या* अङ्क | समय |
|---|---|---|---|---|---|---|
| General Technical Subject | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न (MCQs) | १०० प्रश्न * १ अङ्क | १ घण्टा ३० मिनेट |

द्वितीय चरणः अन्तर्वार्ता (Interview) पूर्णाङ्कः-२०

| पत्र/विषय | पूर्णाङ्क | उर्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| अन्तर्वार्ता (Interview) | २० | | बोर्ड अन्तर्वार्ता (Board Interview) | - |

द्रष्टव्यः

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

२. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

३. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/ विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

५. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रथम चरण: लिखित परीक्षा (Written Examination)

**General Technical Subject (100 Marks)**

**1. History and Current Status of Agriculture Sector in Nepal** **(10 marks)**

1.1 History of agricultural research and development in Nepal

1.2 Overview of Nepalese agriculture: Current status and scope

1.3 Institutional arrangement of agricultural research, extension and education in Nepal

1.4 Agriculture Perspective Plan (APP) and its impact in Nepalese agriculture

1.5 Devolution of agriculture extension system and its impact in agricultural development

**2. Agriculture Research, Extension and Education** **(10 marks)**

2.1 Role of agriculture research in contemporary agriculture

2.2 Nepal Agricultural Research Council (NARC) and its vision

2.3 Agricultural education systems in Nepal

2.4 Academic institutions such as AFU, PU, TU

2.5 Non-academic institutions (CTEVT and its allied institutions)

2.6 Major functions of agriculture research, extension and education in Nepal

2.7 Linkage and coordination among research, extension and teaching in Nepal

2.8 Public, private, NGOs, CBOs, agricultural co-operatives and farmer groups involvement in research, extension and education

2.9 Participatory technology development, participatory planning, monitoring, evaluation and feedback

**3. Natural Resource, Environment Conservation, Climate Change and Disaster-Risk Management** **(15 marks)**

3.1 Importance of natural resources conservation, utilization and management w. r. t. food security, employment generation and livelihood improvement in Nepal

3.2 Bio-diversity and agro-biodiversity: Conservation and utilization for sustainable agriculture development

3.3 Use of fertilizers and pesticides in agriculture and their implications to environment

3.4 Integrated pest, crop, and plant nutrient management systems (IPM, ICM, IPNM) and Good Agricultural Practices (GAP)

3.5 Environmental issues and sustainability of Nepalese agriculture

3.6 Organic agriculture, and organic products for export promotion and food safety

3.7 General climatic conditions of Nepal

3.8 Weather observation and instruments use in Nepal

3.9 Climate change and its impact in agriculture sector

3.10 Climate change adaptation and mitigation strategies of Nepal

3.11 Disaster (landslide, drought, flood, cold spell, earthquake, pest outbreak)



डा. गोविन्द प्रसाद शर्मा
सचिव

management in agriculture

3.12 Rapid urbanization and change in land use pattern and their consequences in food security, environment conservation, employment generation and youth migration

3.13 Crop insurance in Nepal: Current policies and status

**4. Legislations, Plan, Policies, Strategies, and Global Trade in Agriculture (20 marks)**

4.1 Agriculture sector in current constitution

4.2 Concept, goals, target and strategies of current periodic plan

4.3 Planning, implementation, monitoring and evaluation of agricultural projects

4.4 Local governance and its role in agricultural development

4.5 National Agriculture Policy, 2061 (2004)

4.6 Agro-biodiversity Promotion Policy, 2063 (2007) (first amendment, 2071)

4.7 Agri-business Promotion Policy, 2063 (2006)

4.8 Agriculture Development Strategy (ADS), 2015-2035 AD: vision, mission, target, components and its salient features, implementation status of ADS, supporting projects and institutional arrangement

4.9 National Seed Vision, 2013-2025 and its implementation status

4.10 Nepal Trade Integration Strategy (NTIS), 2016 - Agricultural commodities

4.11 Agricultural Extension Strategy, 2061 (2003)

4.12 Seeds Act, 2045 (1988) and Seeds Rules, 2069 (2013)

4.13 Plant Protection Act, 2064 (2007) and Plant Protection Rules, 2066 (2010)

4.14 Pesticides Management Act, 2076 (2019) and Regulation

4.15 Fertilizer Control Order, 2055

4.16 Food Right and Food Sovereignty Act, 2076 (2019)

4.17 Food Safety Policy, 2076 (2019)

4.18 Agro Forestry Policy, 2076 (2019)

4.19 World Trade Organization (WTO), Agreement on South Asian Free Trade Area (SAFTA): their implication and impact in Nepalese agriculture

4.20 Comparative advantage, agriculture commercialization and trading of Nepalese agricultural products.

4.21 Implication of Sanitary and Phyto-sanitary (SPS) measures in Nepalese agricultural trade

**5. Agricultural Technology and Management (40 marks)**

5.1 Importance of technology generation, verification and dissemination in crop production and management

5.2 Seed quality assurance: Seed production, laboratory testing, processing, handling, marketing and storage

5.3 Variety release and registration system in Nepal

5.4 Food and nutrition security: Concepts, status and dimensions

5.5 Importance of pests and pesticides management

5.6 Integrated Pest Management (IPM) concepts and strategies/practices



डा. गोविन्द प्रसाद शर्मा
सचिव

5.7 Roles of pollinators in crop production

5.8 Importance of microbial agents (fungus, bacteria, nematodes and virus) in plant protection

5.9 Importance of crop diversification and commercialization in Nepal.

5.10 Precision and protected agriculture: Concepts and technologies

5.11 Agricultural crops for agro-forestry and environmental protection

5.12 Strategies for commercialization of high value low volume commodities

5.13 Concept of soil fertility and productivity

